Prithvi Wangmaya

(A Peer-Reviewed & NepJOL Indexed Journal)
Vol. 15, 2025 (Print ISSN: 2565-490X)
Email: rmc.nepali@pncampus.edu.np
URL: https://ejournals.pncampus.edu.np/ejournals/pw/

Department of Nepali
Tribhuvan University
Prithvi Narayan Campus
Pokhara, Nepal

छुदेन काविमोको उरमाल उपन्यासको सीमान्तीयता

(Marginality in Chuden Kabimo's *Urmaal*)

प्रा.डा. विष्णुप्रसाद पौडेल (Prof. Dr. Vishnu Prasad Poudel)
नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
(Department of Nepali, Prithvi Narayan Campus, Pokhara)

Article History:
Receved 29 July 2025, Reviewed 29 August 2025, Accepted 11 September 2025
Corresponding Author:
Vishnu Prasad Poudel; Email: paudel.vishnu@yahoo.com
DOI : https://doi.org/10.3126/pw.v15i1.85733

सार (Abstract)

प्रस्तुत लेख छुदेन काविमोको *उरमाल* उपन्यासको सीमान्तीयताको विमर्शमा केन्द्रित छ । यस उपन्यासमा डुबर्सको चिया कमानका आदिवासी र नेपाली श्रमिकहरू अनि त्यस सेरोफेरोका विभिन्न आदिवासीहरूको सङ्कटग्रस्त जीवनको त्रासदी निरूपण गरिएको छ । यस लेखको क्षेत्र उपन्यास हो । यसको शोधरिक्त विषय सीमान्तीयता देखिएकाले त्यसैलाई शोध समस्या बनाइएको छ । समस्यालाई व्यवस्थित अध्ययन गर्न उपन्यासको सीमान्तीयता के ? किन ? र कसरी ? भन्ने प्राज्ञिक जिज्ञासा निर्माण गरी तिनको उपन्याससङ्गत विमर्श गर्नु यसको उद्देश्य बनेको छ । यसक्रममा उपन्यासको सीमान्तीयताको उत्तर खोज्न सीमान्तकृत वर्गमा सङ्गठनको अभाव, प्रभुत्वशाली वर्गको प्रलोभन, सीमान्त वर्गमा देखिएको विभाजन र प्रतिरोधलाई औपन्यासिक साक्ष्यका आधारमा यहाँ क्रमशः विमर्श गरिएको छ । बहुसत्यमा विश्वास गर्ने यो विमर्श गुणात्मक शोधढाँचामा व्यवस्थित छ । यसका लागि प्राथमिक (उरमाल उपन्यास) र द्वितीयक (उपन्यासका पूर्वकार्य र सीमान्तीयताको सिद्धान्त) सामग्री पुस्तकालय स्रोतबाट जुटाइएको छ । सीमान्तकृत वर्गमा सङ्गठनको अभाव, प्रभुत्वशाली वर्गको प्रलोभन र सीमान्त वर्गमा देखिएको विभाजनजस्ता चरहरू यसका तत्त्वमीमांसा हुन् भने सीमान्तीयताको सिद्धान्त र यसको उपन्यास विमर्शमा संश्लेषणको ढाँचा ज्ञानमीमांसा हो । सत्ता र शक्तिको पहुँचबाट किनारीकृत आदिवासी र नेपाली समुदाय यस

Copyright 2025 © The auther/s. This work is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

उपन्यासमा मूलतः सत्तासीनको सनकमा परेर सन्त्रास र अनिश्चितताको सकसमा बाँच्नु परेको छ। असङ्गठित उनीहरूले आफ्नो सकसको प्रतिरोध गर्न खोज्दा प्रभुत्वशाली वर्गले अनेक प्रलोभन देखाई उनीहरूमै गहिरो शत्रुतापूर्ण विभाजन ल्याइदिएका छन्। यसले अल्पसङ्ख्यक नेपाली समुदायमा जुन अभिधातसहितको त्रासदी सिर्जना गराइएको छ त्यसलाई आकर्षक र मौलिक औपन्यासिक कलाले निरूपण गरिएको निष्कर्ष यस लेखको छ। यसबाट सबाल्टर्न समुदाय असङ्गठित हुँदा उनीहरूलाई सत्तासीनले चरम दुरूपयोग गरी उनीहरूबिचमै आत्मघाती खेल खेलाएर आफ्नो स्वार्थ सुरक्षित गर्छन् भन्ने सन्देश पनि प्रकट भएको छ। (The present paper discusses marginality in *Urmaal*, a novel by Chuden Kabimo. The novel depicts the tragic life of indigenous communities and Nepali workers of the tea estates of Dubars. The novel is a text for this study. The research gap of this study is marginality. Therefore, the objective of this study is to answer the questions of what, why and how marginality is presented in the novel. This paper discusses the reasons of marginality that include lack of organization in marginalized communities, temptation of dominant groups, and conflict as well as resistance among marginalized groups, which are considered the textual evidences for discussion. Employing qualitative research design, the study considers multiple meanings as an approach. For this purpose, data of primary source (the novel) and secondary sources (literature review and marginality theory) have collected from the library. In this paper, lack of organization in marginalized groups, temptation of dominant groups, and conflict among marginalized groups have been the parameters of philosophical inquiry while the synthesis of marginality theory and discussion of the novel have been the parameters of critical inquiry. Due to the eccentricity of rulers, the indigenous groups and Nepali communities have to live a life of fear and uncertainty. These communities are unorganized who attempt to resist the dominant groups, but they are tempted by the dominant groups. The study concludes that such domination has created tragedy in the lives of marginalized communities, but this tragedy has artistically been presented in the novel. Therefore, the novel has attempted to convey the message to all that when the subalterns remain unorganized, the dominant groups use this situation to fulfil their selfish desire.)

शब्दकुञ्जी (Keywords): सीमान्तीयता, आदिवासी, प्रभुत्वशाली वर्ग, अल्पसङ्ख्यक

समुदाय (Marginality, Indigenous people, dominant groups, minority groups)

विषयपरिचय

भारतको कालेबुङको विकट क्षेत्र मलबुङमा जन्मेहुर्केका भारतीय नेपाली छुदेन काविमोको तेस्रो पुस्तकाकारको कृति *उरमाल* (२०८१ पुस) उपन्यासले हालसालै घोषणा गरिएको २०८१ को मदन पुरस्कार पाएको छ । यसपूर्वको उनको पहिलो कथासङ्ग्रह (१९८६) ले भारतको सन् २०१८ को युवा साहित्य अकादमी पुरस्कार पाएको थियो भने उनको पहिलो उपन्यास *फातसुङ* (सङ् अफ सोइल) ले पनि भारतको प्रतिष्ठित जेसिबी पुरस्कारका लागि सन् २०२२ को अन्तिम छनोट सूची (सर्टलिस्ट) मा स्थान पाएको थियो । यो अङ्ग्रेजी, हिन्दी, बङ्गाली र सिन्धी भाषामा पनि अनुवाद भएको छ ।

गजलबाट साहित्यमा प्रवेश गरेका छुदेनको विशेष क्षेत्र आख्यान देखिएको छ । आख्यानको विषय उनले देखेभोगेको आफ्नै सेरोफेरोको समकालीन सन्दर्भ रहेको छ । क्षेत्रकार्यमा आधारित अनुसन्धान गरेर मात्रै लेखिएको भनिएको *उरमाल* डिमाइ साइजका ३७८ पृष्ठमा फैलिएको उपन्यास हो । यो उनले पाँच वर्षको मिहिनेतले तयार पारेको बुझिन्छ । यसक्रममा यसलाई विभिन्न सचेत पाठकको सुझावबाट पुनर्लेखन र पटक पटक परिमार्जन गरेको कुरा पनि जनाइएको छ (काविमो, २०८१, पृ.३७५-३७७) । धेरै सोचविचार गरी तयार पारिएको यसको प्रकाशनपूर्व नै अङ्ग्रेजी र बङ्गाली भाषामा अनुवाद हुँदै गरेको पनि लेखकले जनाएका छन् । यसले यसको गुणवत्ताकै सङ्केत गरेको छ ।

उरमाल सादरी भाषाको शब्द हो । यसको अर्थ चियाका कलिला पात टिपेर राख्ने एक किसिमको लामो झोला हो जो चियाका पात टिप्नेहरूले बोकेका हुन्छन् । उपन्यासको मुखपृष्ठको चित्रमा त्यसैलाई बोकेकी नारी देखाइएको छ । उपन्यासमा यसको व्यञ्जनात्मक प्रयोग छ । व्यञ्जनाले जीवनको अभाव, सास्ती, बाध्यता, दासताजस्ता कुरालाई सङ्केत गरेको छ । उपन्यासकी एक महत्त्वपूर्ण पात्र सकिलामा त्यसबाट मुक्तिको प्रबल चाहना छ तर परिस्थिति एकदमै बिप्ल्याँटो बनिदिँदा त्यो सम्भव भएको छैन । आफू मुक्त हुन नसके पनि सन्तान (नुरसाङ) ले त उरमाल छुनै नपरोस् भन्ने उनको चर्को चाहना छ । त्यसैका लागि उनले अनवरत सङ्घर्ष गरेकी छन् तापनि परिस्थितिले बारम्बार हार्न बाध्य पारेको छ । उनी जस्ता यहाँ धेरै पात्र छन् तर ती सबैलाई हराउनेमा सत्ता र शक्ति छ । यही पुस्तौँदेखिका मानव नामका प्राणीले यस लोकतान्त्रिक समाजमा आफू पनि अलिकति मान्छेजस्तै भएर बाँचू भन्ने कामना गरे पनि त्यसमा बारम्बार बाक्लो तुसारो घोप्टिने जुन परिस्थिति छ त्यसलाई यसले कलात्मक तारतम्य मिलाई बृहत् आख्यानमा उनेर प्रस्तुत गरेको छ ।

'उरमाल' उपन्यास प्रकाशन भएको नौ महिनामात्रै भएको हुँदा यसका बारेमा दैनिक पत्रिकाहरूमा सामान्य परिचयात्मक छोटा लेखहरू (कँडेल, २०८२ र पोखेल, २०८२) बाहेक विस्तृत अध्ययन भएको पाइँदैन । यस्तै उपन्यासकारसँग केहीले भिडियो वार्ता गरेका छन् (किताबका कुरा र देशसञ्चार चौतारी) । यस्ता वार्तामा उपन्यासको विषयस्रोतका बारेमा केही जानकारी दिएका छन् । यही क्रममा लेखक आफूले गुट निरपेक्ष भई आममान्छेको कथा इमान्दारितापूर्वक लेखेको जनाएका छन् (कुँवर,२०८१) । यस्ता सामग्री उपन्यासको सीमान्तीयताको अध्ययनमा

खासै सान्दर्भिक देखिन्नन् । त्यसैले यस अनुसन्धान रिक्ततामा यो लेख लेखिएको छ । यसमा प्रकट भएका विमर्शात्मक धारणा नितान्त नवीन र मौलिक छन् । यसबाट महत्त्वपूर्ण विषयमा केन्द्रित यस लेखको औचित्य सहजै पुष्टि भएको छ ।

अध्ययनविधि

उपन्यास दार्जिलिङको सेरोफेरोमा फैलिए पनि विशेषतः डुबर्सका चियाकमानमा श्रमरत आदिवासी र नेपालीहरूको व्यथामय कथामा केन्द्रित छ । सीमान्तीकृत समुदाय/सबाल्टर्न यसको केन्द्र हो । सबाल्टर्न भनेको समाजका दमित वा अधीनस्थ समुदाय भएकाले उनीहरू हरेक दृष्टिले पछि पारिएका हुन्छन् । साङ्गठनिक चेतना त्यति विकसित भइनसकेको हुँदा तिनलाई विभिन्न प्रलोभनमा पारी सधैँ कजाइरहने, कहिल्यै उठ्न नदिने, उठ्न खोजे उनीहरूमै फाटो सिर्जना गरिदिने, बारम्बार तिनलाई असफल पारिरहने, मान्छे हुनुको अनुभूति आफूले मात्रै गरिरहने अर्को समुदाय पनि छ । त्यसैसँग धन, सत्ता र शक्ति सबै छ तर सबाल्टर्न भने सबै कुराले तन्नम छ । उपन्यास सबाल्टर्नको त्यही तन्नम हुनाको कारण उधुन्न केन्द्रित छ । अर्थात् आवाजविहीन भुँइमान्छेको आवाज बोल्न अग्रसर छ । त्यसैले यस लेखको अन्वेषणीय शोधसमस्या भनेका निम्न प्रश्न बनेका छन् -

- उपन्यासमा सीमान्तकृत समुदायको अवस्था केकस्तो छ र किन छ ?

- उपन्यासमा सीमान्तीयताको निरूपण कसरी कलात्मक तुल्याइएको छ ?

यी प्रश्नहरूको कृतिपरक विमर्श गरेर तिनको उत्तर खोज्नु यसको उद्देश्य हो । यस क्रममा पहिलो प्रश्नको उत्तर खोज्दा सीमान्तकृत समुदायको सङ्गठन, प्रभुत्वशाली वर्गको प्रलोभन, सीमान्तकृत समुदायमा भएको विभाजन र प्रतिरोधजस्ता चरहरूको अन्वेषण गरिएको छ । दोस्रो प्रश्नको अन्वेषण गर्दा औपन्यासिक उपकरणहरूको विन्यासको कलात्मकतालाई हेरेर समष्टि सौन्दर्य सङ्केत गरिएको छ ।

यस लेखका सामग्रीहरूको स्रोत पुस्तकालय (परम्परित र विद्युतीय) हो । यसको प्राथमिक स्रोत *उरमाल* उपन्यास हो भने द्वितीयक स्रोत यस उपन्याससँग सम्बन्धित पूर्वकार्यहरू र सीमान्तीयता निरूपण गरिएका कृतिहरू हुन् । यस अध्ययन-विश्लेषण वा विमर्शको आधार सीमान्तीयता/सबाल्टर्न सिद्धान्त हो तर त्यसलाई औपन्यासिक तथ्यसँग संश्लेषण गरी विमर्शात्मक अन्तर्दृष्टि प्रस्तुत गरिने भएको हुँदा यो गुणात्मक शोधविधिमा आधारित छ ।

सीमान्तीयताको सैद्धान्तिक सन्दर्भ

दबाइएका, अधीनस्थ तुल्याइएका, सबै कुराबाट पछि पारिएका व्यक्ति वा समुदायको भाव नै सीमान्तीयता हो । अङ्ग्रेजीमा यसलाई सबाल्टर्न (subaltern) भनिन्छ । यो ल्याटिन भाषाको subalternus शब्दबाट विकसित भएको हो र यसको पनि अर्थ सबैभन्दा तल्लो नै हुन्छ (शर्मा, २०७०, पृ.३१६) । आज यस शब्दले पारिभाषिक अर्थ ग्रहण गरिसकेको छ । यसमा सत्ताको पहुँचबाट टाढा रहेको मार्क्सको सर्वहारा वर्ग पनि पर्छ तर सर्वहारा वर्गमा भने यो अटाउँदैन किनभने यसमा अशक्त, निमुखा, मगन्ते, पराधीनलगायत धेरै पर्छन् । अर्थले मात्रै नभई सामाजिक सांस्कृतिक सम्बन्धले पनि धेरै पछि पारिएका समेत यसमा पर्दछन् । यो आवाजविहीन त्यस्तो समूह हो जो सदियौँदेखि शासित हुँदै आएको छ र उसको इतिहास पनि लेखिएको छैन (श्रेष्ठ, २०६८, पृ.१) । तर यस्ता निमुखाहरूको

निमुखापन स्थायी नभएर परिवर्तनशील हुन्छ (उप्रेती, २०६८, पृ.२२८) । त्यसमा तद्देशीय सामाजिक, सांस्कृतिक, राजनैतिक र आर्थिक तत्त्वहरूले भूमिका खेलेका हुन्छन् । फेरि यो सर्वहाराजस्तो सङ्गठित समूह भने होइन । त्यसैले सबाल्टन समुदाय त्यति धेरै सचेत, सक्रिय र आफ्नो शोषण विरुद्ध प्रतिरोधी बन्न सकिरहेको हुन्न अनि प्रभुत्वशाली वर्गले यसलाई अनेक प्रलोभनमा पारी दुरूपयोग गरिरहेको हुन्छ ।

इटलेली नवमार्क्सवादी एन्टोनियो गाम्चीले पहिलो पटक सबाल्टर्नलाई चिनाएको मानिन्छ । उनको *प्रिजन नोट बुक्स-१४* मा यसलाई चिनाउने क्रममा अधीनस्थ वा पराधीन त्यस्ता समुदाय जो शासकले वस्तुका रूपमा समेत प्रयोग गर्न सक्ने भनिएको छ (श्रेष्ठ, २०६८, पृ.१६ मा उद्धृत) । यो गैरशासकीय र अहैकमवादी समुदाय हो । *सबाल्टर्न स्टडिज भोलुम-१* मा रञ्जित गुहाले यसलाई वर्ग, लिङ्ग, जाति, उमेर, कार्यरत दर्जालगायत हरेक हिसाबले विभेद/शोषण/उत्पीडन गरिएको व्यक्ति वा समुदाय मानेका छन् र यस्तो समुदाय विशेषतः उनले दक्षिण एसियामा देखेका छन् (श्रेष्ठ, २०६८, पृ.१४ उद्धृत) । तिनको इतिहास नलेखिएको हुँदा अब लेखिनुपर्ने उनको राय छ । नवइतिहास लेखनको यस अवधारणालाई साहित्यमा भित्र्याउने काम गायत्री चक्रवर्ती स्पिभाकले *सबाल्टर्न अध्ययन भाग-४*मा गरेकी छन् । उनले यसलाई साहित्य अध्ययनको महत्त्वपूर्ण विषय बनाएको मानिन्छ (बराल, २०७७, पृ. १७५) । उनले इतिहासभन्दा साहित्य सबाल्टर्नमैत्री देखेकी छन् ।

नेपालीमा सबाल्टर्नको विस्तृत अध्ययन गर्ने तारालाल श्रेष्ठ हुन् । उनले त व्यक्ति, समुदाय मात्रै नभई अधीनस्थ कुनै पनि समाज वा राष्ट्र पनि यसमा पर्ने जनाएका छन् (श्रेष्ठ, २०६८, पृ.१४) । मोहनराज शर्माले पनि सत्ता, शक्ति वा प्रभुत्वको संरचनाभन्दा बाहिर पारिएको व्यक्ति वा समुदायलाई सीमान्तीकृत मानेका छन् (शर्मा, २०७०, पृ.३७०) । यी भुँइमान्छे वा अवरजन हुन् जो राज्यसत्ता वा तिनका प्रतिनिधिको हैकम वा दलनमा परेका हुन्छन् तर राष्ट्रनिर्माणमा तिनको भूमिका उल्लेखनीय हुन्छ । त्यसैले अथवा मानवीयताका नाताले पनि कलासाहित्यले सीमान्तकृत समुदायको आत्मबल उकासी उनीहरूलाई नै हैकमको प्रतिरोध गर्न प्रेरित गरिनुपर्ने ठानिन्छ ।

साहित्यमा सीमान्तीयता खोज्दा साहित्यको मूल विषयवस्तु कसको हो ? सीमान्तकृत समुदायको त्यसमा केकस्तो भूमिका छ ? कृति सबाल्टर्न मैत्री छ वा विरोधी ? सीमान्त पात्र केकति र केकस्तो भूमिकामा छन् ? तिनलाई कसरी किनारीकृत तुल्याइएको छ ? तिनको आर्थिक, भौतिक, शैक्षिक, सांस्कृतिक, सामाजिक, मानसिक र भाषिक अवस्था कस्तो छ ? सम्भ्रान्त वर्गको उनीहरूप्रति कस्तो व्यवहार छ ? सीमान्तकृतका पक्ष र विपक्षमा कोको कसरी प्रस्तुत भएका छन् ? जस्ता प्रश्नहरूको उत्तर खोजिन्छ (खनाल, २०८०, पृ.१६-१७) । यहाँ पनि आवश्यकताअनुसार तिनको खोजी गरिएको छ । यही सिद्धान्तका आधारमा विवेच्य उपन्यासको पहिलो समस्या (सीमान्तीयताको अवस्था) निरूपण गर्दा क. सीमान्तीकृत समुदायको सङ्गठनको अभाव, ख. प्रभुत्वशाली वर्गको प्रलोभन, ग. सीमान्तकृत समुदायमा फुट र घ. प्रतिरोधलाई खोजिएको छ भने दोस्रो समस्या (औपन्यासिक कला) को निरूपण गर्दा औपन्यासिक उपकरणहरूमा उपन्यासको विषयसन्दर्भको विन्यास र समग्र संश्लेषणको रचनात्मकतालाई आधार मानिएको छ ।

विमर्श र नतिजा

उरमाल उपन्यासलाई सीमान्तीयताका कोणबाट यहाँ विश्लेषण गरिएको छ :

सीमान्तीकृत समुदायको सङ्गठन अभाव

उरमाल उपन्यासको सीमान्तकृत समुदायको पहिला अवस्था रेखाङ्कन गरी त्यसको कारणका रूपमा रहेको सङ्गठनको अभावलाई यहाँ चर्चा गरिएको छ। भारतको पश्चिम बङ्गाल प्रान्तअन्तर्गतको दार्जिलिङको डुबर्स क्षेत्रमा रहेको चिया बगान र त्यसमा चियापत्ती टिप्ने काम गर्ने श्रमिकहरूको कहरपूर्ण जीवनकथा केलाउन यो उपन्यास केन्द्रित छ। चिया बगानका श्रमिकहरूमा धेरै आदिवासीहरू र थोरै नेपालीहरू छन् । उनीहरूको भाषा र संस्कृति फरक भए पनि त्यहाँको जीवनशैली र दुखका प्रकृति समान भएका हुँदा उनीहरूमा निकटता बढ्दै गएको छ । उपन्यास सोमारी र बुधुवाको प्रेमकथाबाट सुरु भएको छ । बुधवार जन्मेको आदिवासी बुधुवाले राम्री नेपाली केटीसँग एकतर्फी प्रेम गरे पनि केटीले वास्ता नगरेपछि दुम्सीपाडाको चिया बगानमा काम गर्ने सोमारीसँग मन मिलेर विवाह गरेको छ । मन मिल्दैमा विवाह सम्भव थिएन । सोमारीका बुबा/आबाले पत्याउनु पर्थ्यो । त्यसैले उनकै चियाकमानको आवासमा बसी मिहिनेतपूर्वक काम गरेर आबाको मन पगाले पछि मात्रै विवाहको स्वीकृति पाएको हो । त्यसपछि बुधुवा त्यहीँ सोमारीसँगै बस्दै आएको छ । उसका एक छोरी ऐतमारी र एक छोरा ऐतवा जन्मेका छन् । चिया कमानमा जन्मेका हुँदा ती कमानेका सन्तानका रूपमा चिनिएका छन् ।

सोमारी आदिवासीकी छोरी भए पनि सारै निरिह देखिन्न । दुख लुकाएर हँसमुखा बन्ने चेष्टा गर्छे । हुन त तिस वर्षकी ऊ दुखकै कारण चालिसकी जस्ती देखिन्छे । निरीह नदेखिन उसले छिमेकी सकिलाबाट सिकेकी छ ।

नेपाली साकिला पनि कमानेकै छोरी हो । उसले आठ कक्षासम्म पढ्न पाएकी थिई । हुन त ऊ धेरै पढेर नर्स बन्न चाहेकी हो तर आमाले "बगानेकी छोरीले त्यही पत्री नै टिप्नुपर्ने होला । अब भयो, धेर नपढ् ल (७१) ?" भने पछि अनि बाबुले भाइलाई पनि त पढाउनु छ, खर्च कसरी जुटाउने भने पछि ऊ पढाइ छाड्न बाध्य भएकी छ । त्यसपछि उसको विवाह हुन्छ । लोग्ने कमानको कमाइले नधानिने देखेर केरलातिर लाग्छ । एक पटक पैसा लिएर दसैंमा आउँछ । त्यतिखेर साकिलाको अनुहारमा हँसिलो जून उदाउँछ । त्यसपछि भने ऊ कहिल्यै फर्किन्न । उसको चिनो छोरी नुरजङ मात्रै साथमा हुन्छे । आफूले उरमाल बोक्न नचाहे पनि बाध्य भएकी सकिलाले छोरीलाई भने त्यसबाट उन्मुक्ति दिलाउने अठोट गर्छे र पढाउँछे । धेरै पढाएर छोरीलाई सरकारी जागिरे बनाउने उसको धोको छ । तर परिस्थिति यसरी बिप्ल्याटो बन्दै गइदिन्छ कि छोरीले नै आफ्नो माध्यमिक तहको परीक्षा छाडेर बिरामी आमाको दबाईका लागि त्यो उरमाल बोकेर हिँड्न बाध्य हुन्छे ।

सकिलाको सङ्गत र थापा सरका कुराले सोमारी पनि आफ्ना छोराछोरी पढेर सरकारी नोकरी वा फौजमा जालान् भन्ने सपना देख्न थालेकी थिई । भाग्यलाई कर्मले बदल्नुपर्छ भन्ने सकिला दिदीको सङ्गतले ऊ कर्मवादी बनेकी थिई । स्कुलका थापा सरले टोटो आदिवासीकी छोरी जेङनिमाले सरकारी काम पाएको कुरा सुनाइ दिएपछि त ऐतमारीमा पनि उसकै प्रतिबिम्ब देख्न थालेकी थिई । त्यसमाथि सरले "ऐतमारीले योपालि अझै राम्रो इक्जाम गरेको रहेछ" (पृ.१३३) भनिदिए पछि त धेरै आशावादी हुने नै भई । छोरी

एक दिन फौजी वा ठुलो मान्छे बन्छे भन्ने उसलाई लाग्थ्यो (पृ.११४) तर परिस्थिति उल्टिँदै गयो। बालक छोरालाई चितुवाले मार्‍यो। चिया कमान लामो समय बन्द भएपछि छोरीले पनि स्कुल पढ्ने परिस्थिति बनेन। अनि "लेबरकी बेटी लेबर ही बनेगी" (पृ.३६०) भन्ने तहमा पुगी। उसले जीवनलाई धागो चुँडिएको चङ्गा जस्तै देखी (पृ.१७१)। उसका सपना सपना नै रहे।

पात्रहरूमा जम्दै गएको आशा उत्साह पुनः निराशा वा नियतिवादमा परिणत हुनाका पछाडिको कारण भनेको उनीहरूले ब्यहोरेका अनेक बिप्ल्याँटा परिस्थिति नै हुन्। चिया कमानमा बिहान सात बजेको साइरनसँगै पसेपछि चार बजे मात्रै निस्कन पाइन्थ्यो। बिदा कहिल्यै पाइँदैनथ्यो। बिरामी भए हाजिरा काटिन्थ्यो। समयभन्दा थोरै ढिलो पुगे पनि कामबाटै फर्काइदिन्थ्यो। महिलालाई घरको काम पनि सकेर जानुपर्ने हुँदा गाह्रो थियो। बिहानै बनाएर लगेको खाना खाने समय पनि थोरै दिन्थ्यो। यस्ता गुनासाहरू धेरै थिए तापनि काम गरेको ज्याला त्यतिखेर महिना सकिने बित्तिकै पाइन्थ्यो। वर्षमा एक पटक चियापत्ती टिप्दा लगाउने कपडा, बुट, उरमाल दिन्थ्यो। अस्पताल, दसैंमा बोनस, पकाएर खाने दाउराजस्ता कुरा पनि पाइन्थ्यो तर पछिपछि कम्पनी घाटामा छ भनी ज्यालाबाहेक अरू सबै कटौती गर्दै लग्यो। ज्याला पनि बेलैमा दिन छाड्यो। तीन महिनादेखिको श्रमिकहरूको ज्याला दिइएन। त्यसले उनीहरूको दैनिक छाक टार्न मुस्किल त हुने नै भयो त्यसमाथि बिमारी हुँदा र अरू विपत्ति पर्दाको खर्च जुटाउन पनि नसक्ने भए। त्यसैले उनीहरू हुरीका पतकर जस्ता भए। आफ्नो कर्मवादी, आशावादी सोचमा टिकिरहन सकेनन्।

सकिलालाई सहयोग गर्ने एक मात्र आफ्नो भाइ दलबहादुर थियो। उसलाई सरकारले गम्भीर अभियोग लगाई थुनेको थाहा पाएपछि शारीरिक रूपमा बिरामी सकिला मानसिक रूपमा पनि झन् कमजोर बन्दै जान्छिन्। बिरामी सकिलालाई भेट्न गएका थापा सरलाई भाइ दलबहादुरलाई निकाल्ने कुनै उपाय भए गरिदिन आग्रह गर्छिन्। थापा सरले शिवराजलाई लिई अदालत जान्छन् तर त्यो लामो प्रक्रिया हुन्छ। सबै परिस्थिति बुझेका उनले अघिपछि सबैलाई छोराछोरी पढाऊ, जाँडरक्सी नखाऊ, दुर्व्यसनको लतमा नलाग भनी आदर्श र आशावादी बन्न प्रेरित गर्थे तर आज उनले घोर निराशाको स्वर चुहाउँदै "बगानमा काम गरेर खानेहरूको निधारमा भावीले दुःखै लेखेर पठाको हुँदो रैछ। यो दुखलाई हामेर्ले त चुपचाप सहिदिनु मात्रै पर्ने रैछ" (पृ.६)। भनेका छन्। यसले अन्धकारको गर्तमा भासिँदै गएको जीवनलाई सङ्केत गरेको छ। २०२१ सालमै आएको इन्द्रबहादुर राईको 'आज रमिता छ' उपन्यासको अन्त्य पनि लगभग यस्तै थियो (पौडेल, २०६८, पृ.२३२-२३३)। आज यत्रो कालपछि पनि दार्जिलिङ डुबर्सको जीवन उस्तै त्रासदीले भरिएको नै देखिन्छ।

हुन त अहिले पनि चियाकमानको अवस्था उस्तै छ। कतिपयमा त अझ खस्किँएको छ भन्ने दाबी उपन्यासको छ। त्यसैले आशा निराशामा परिणत भएको स्थिति डुबर्समा मात्रै होइन। अरूतिरका कमानमा पनि छ। त्यता पनि २० प्रतिशत दिने गरेको बोनस बल्लतल्ल ११ प्रतिशत मात्रै दिने भएको छ। अरू पनि धेरै कुरा कटौतीमै परेका छन्। त्यही भएर अरूतिरका बगानेहरू पनि भन्छन्- "चिया स्यहार्नेहरू त धिपधिपे भएर मर्न लागेको धिप्री जस्तै हो। निभ्न लाग्दा मालिकले अलिकति तेल थपिदिन्छ। त्यै भएर फेरि मन नपरी-नपरी जलिहाल्नुपर्छ (

पृ.२३०)।" यसले उनीहरूको निरीहता नै दर्शाउँछ।

उपन्यास डुबर्समा मात्रै सीमित छैन। त्यहाँ र त्यस वरिपरि बसेका आदिवासी क्षेत्रमा पनि विचरण गरेको छ। उपन्यासमा विभिन्न आदिवासी समूहहरूको चर्चा छ। जस्तै- टोटो आदिवासी, राभा आदिवासी, डुक्पा आदिवासी, करमपूजा गर्ने आदिवासी, खुट्टीपूजा गर्ने आदिवासी, असुर आदिवासी र लालझमेलाका आदिवासी, आदि। यस्ता आदिवासीहरू सहरीकरण, वातावरण विनाश, जलवायु परिवर्तन, वन्यजन्तु आरक्षण केन्द्रको स्थापना, अनिकालजस्ता कारणले आफ्नो मूल भूमिबाट अलग्गिन बाध्य बनेका छन्। उनीहरूको सरल, सोझो र सुधोपनको गलत फाइदा उठाई शक्तिसम्पन्न व्यक्ति र राज्यले उनीहरूमाथि विभिन्न अत्याचार गरी थातथलोबाट लखेट्ने प्रयत्न गरेको देखिन्छ।

यसरी सबाल्टर्नहरूको जीवन असुरक्षित र अनिश्चित बनिरहनुमा उनीहरूको पक्षमा बोलिदिने सङ्गठन नहुनु नै हो। उनीहरू जसले अक्षरै चिनेका छैनन् ती धेरैजसो आफूले पाएको दुख नै व्यक्त गर्न सक्दैनन्। स्पिभाकले भनेझैँ ती आवाजविहिन छन्। साकिला, नुरजङ र थापा सरजस्ता केही पढेकाले आफूमाथि भएको अन्याय र शोषण त बुझ्छन् तर उनीहरूको व्यक्तिस्तरको गुनासो र आक्रोशले खासै अर्थ राख्दैन। थापा सर नै सरकारी विद्यालयमा आफूले पाउनुपर्ने नियुक्ति पार्टीका क्याडरले हत्याउँदा निरूपाय बनेका छन्। विभिन्न क्षेत्रका आदिवासीहरू पनि असङ्गठित हुँदा उनीहरूलाई सरकारले अनेक बहानामा दुख दिने, उनीहरूको थातथलोबाट लखेट्ने प्रयत्नमा लागेको पाइन्छ।

उपन्यासमा चियाकमानका श्रमिकका पक्षमा बोल्ने विभिन्न युनियनहरू नभएका होइनन् तर ती श्रमिकका नाममा कम्पनीसँग साठगाठ गरी आफूहरूले मात्रै मोजमस्ती गर्ने संस्था बनेका छन्। यस्तै अङ्ग्रेज हटाएपछि श्रमिक, आदिवासी सबैको हित हुने व्यवस्था ल्याइने भनिए पनि त्यसो पनि हुन सकेको छैन। दलबहादुर राजनीतिक पार्टीमा लागेपछि समाजमा न्याय कायम गर्न सकिन्छ भन्ने सोचले तीन दशकभन्दा बढी सत्तामा रहेको गरिब तथा सबाल्टर्नहरूको पक्षधर कम्युनिस्ट पार्टी सिपिएममा लागेको छ तर त्यस पार्टीका नेताहरूले नै गरिबको शोषण गर्ने, उनीहरूको भएको थोरै जमिन पनि हत्याउने (पृ.१८८) जस्ता अनेक विकृति देखेभोगेपछि त्यसलाई छाडी ऊ फेरि गोर्खा जनमुक्ति मोर्चा (गोजमुमो) मा सामेल भई कस्सिएर लागेको छ। पार्टीकै आन्दोलनमा लाग्दा ऊ रहस्यमय ढङ्गले समातिएको छ तर पार्टीले उसलाई भेट्ने र उसका बारे विज्ञप्ति निकाल्ने कुनै काम गरेको छैन।

उपन्यासमा सत्तापक्षले कुनै सहयोग नगरे पनि आदिवासीहरू आफ्नो कहर जसरीतसरी झेलिरहेका थिए तर सरकारले विभिन्न बहानामा उनीहरूको पुर्ख्यौली थातथलोबाटै विकल्प नदिई जबर्जस्ती लखेट्न थालेपछि भने उनीहरूमा पनि क्रमशः विद्रोहको आगो बल्न थालेको देखिन्छ। यस्तै संसारमै जम्मा १६०० मात्रै रहेका भनिएको टोटो आदिवासी फरेस्टर र पुलिसको अत्याचारबाट आजित भएर विद्रोही बनेका छन्। उनीहरू भुटानभन्दा तल टोटोपाडामा रहेका छन्। भुटानको सहरीकरण र जलवायु परिवर्तले उनीहरूको क्षेत्रमा धेरैतिर खोला हिड्न थालेकाले उनीहरू असुरक्षित अनुभव गरिरहेका छन्।

राभा आदिवासीको क्षेत्रलाई कहिले भुटानले, कहिले अङ्ग्रेजले, कहिले कम्युनिस्टले, कहिले तिनैका कर्मचारीले हडप्ने, उनीहरूका नाममा कुनै जमिन नहुने र त्यहाँबाट लखेट्नै खोजेपछि घिमिरे बडाले उनीहरूलाई सङ्गठित विद्रोह गर्न प्रेरित गरेका छन् । त्यसपछि त्यस क्षेत्रबाट उनीहरूलाई हटाउन फरेस्टर जाने गरेको छैन । फेरि पनि बेलाबेलामा जाको राभाहरू बिनाकसुर उनीहरूको गोलीको सिकार हुनु परेको छ । यस्तै डुप्पाहरू बसेको बाक्सा पहाडका बस्तीलाई टाइगर रिजर्भ क्षेत्र घोषणा गरेर उनीहरूलाई हटाउन अधिकारीहरू गएका छन् तर डुप्पाहरूले तिनीहरूको नराम्रोसँग झ्याँको झारिदिएकाले त्यसपछि भने हटाउँछौँ भन्दै दुख दिन गएका छैनन् । त्यसैले सही बाटो चुनेर डुप्पाहरूले झैँ अफिसरलाई लखेट्न सके वा दरो विद्रोह गर्न सके मात्रै आफ्नो अधिकार पाइन्छ भनेका छन् बुधुवासँग घिमिरे बडाले । उपन्यासमा अन्यायका विरुद्ध विद्रोह गर्नुपर्छ भन्नेमा दलबहादुर र साकिला पनि छन् तर उनीहरूमा सङ्गठन निर्माणको सोच र सिप नै देखिँदैन । सोचसम्म दलबहादुरमा छ तर ऊ डुबर्स क्षेत्रको आफ्नो पार्टीको महत्त्वपूर्ण नेता भए पनि नेतामा हुनुपर्ने सिप नहुँदा उसैबाट गुप्तचरले सजिलै पार्टीका गोप्य सूचना लगी सरकारले सबैलाई पक्रिन्छ ।

यसरी सबाल्टर्न समुदायहरू आफै सङ्गठित भएर आफ्नो बहुआयामिक हितका लागि सङ्गठन निर्माण गरी अगाडि बढ्न नसकेको हुँदा उनीहरूको जीवन झन्झन् कहरपूर्ण बनेको छ । अन्तिम अवस्था पर्दा मिलेर प्रतिरोध गरेको केहीमा देखिए पनि त्यो सुझबुझपूर्ण र स्थायी किसिमको भने देखिन्न ।

प्रभुत्वशाली वर्गको प्रलोभन

दार्जिलिङ र डुबर्स क्षेत्रमा चियाखेतीका लागि उपयुक्त जलवायु देखेर अङ्ग्रेजहरूले नै यस कामको सुरुवात गरेका थिए । त्यसका लागि जङ्गल फाँडेर खेतीयोग्य जमिन बनाउन धेरै नै मिहिनेत आवश्यक भएको हुँदा उनीहरूले सोझा, इमान्दार, लगनशील र परिश्रमी मान्छे खोज्ने क्रममा भारत (झारखण्ड र राँची) का आदिवासी र नेपाल (झापा) का निश्चित नेपाली समुदाय छनोट गरे । त्यसपछि उनीहरूलाई चियाको बोटमा पैसा/सुन फल्छ भन्ने लोभ देखाएर लगे । धेरै कजाए तर भने जस्तो सुविधा दिएनन् । सत्ता र शक्तिमा उनीहरू नै भएका हुँदा अनि आफू धेरै ठगिएको छु भन्ने चेतना पनि त्यतिखेर विकसित भइनसकेको परिस्थित रहँदा सीमान्तकृत समुदायको अवस्था दयनीय नै रह्यो ।

त्यतिखेर अङ्ग्रेजको हैकम चिया कमानमा मात्रै नभई पूरै भारतीय समाजमा नै चर्को थियो । चिया कमानमा त झन् धेरै हुने नै भयो । उनीहरूका अगाडि सर्वसाधारणले हातमा घडी लगाउन नहुने, पानी पर्दा छाता ओढ्न नपाइने, उनीहरूको जस्तो राम्रो लबाइखबाइमा देखिन नहुने, झरीबर्खा नभनी काममा खट्नुपर्ने, उनीहरूको स्वविवेकअनुसारका कामदारका अनेक तह हुने, उनीहरूलाई खुसी नपारी माथिल्लो तहमा बढुवा नहुने, कमानका राम्रा कलिला नानीहरू उनीहरूको भोगमा चढाउनुपर्ने, त्यस्ता नानी गर्भवती भए पैसा दिएर सामसुम पार्ने चलन थियो (पृ.११५-१२०) । उनीहरूलाई नानी खोजी दिने दलालहरूले माथिल्लो तहको बढुवा पाउने परिपाटी पनि थियो । उपन्यासमा अझै भनिएको छ -"चिया कमान त्यो कालापानी जस्तै थियो, जहाँ न कसैले पक्का घर बनाउन पाउँथ्यो, न कोही घर छाडेरै हिँड्न सक्थ्यो । कोही बिरामी होस्, छुट्टीघरि पाउँदैनथ्यो । औलेले लडाउँथ्यो,

मालिकले दबाई दिँदैनथे। टिबीले सताउँथ्यो, अस्पताल पुऱ्याउँदैनथे। कमानेहरूले त आगन्तुकसँग बोल्नधरि पाउँदैनथे" (पृ.१९३)। यसबाट अङ्ग्रेजकालमा सत्ता र शक्तिमा पहुँच नभएका सबैको अवस्था राम्रो नभएको र चियाकमानका श्रमिकहरूको अवस्था त झन् खराब भएको बुझिन्छ। वास्तवमा कैदीहरूलाई कठोर यातना दिइने स्थल कालापानीसँग त्यसलाई तुलना गरिएको हुँदा त्यहाँको अवस्था कति क्रूर र दयनीय थियो भन्ने सहजै अनुमान गर्न सकिन्छ।

देशबाट अङ्ग्रेज लखेटिएपछि चियाकमानमा मजदुर युनियनका नाममा क्रमशः काङ्ग्रेस, कम्युनिस्ट (सिपिएम) र भारतीय जनता पार्टीको प्रवेश भयो। देश नै स्वतन्त्र भएर लोकतन्त्र स्थापित भएको हुँदा पहिलाको जस्तो घडी लगाउन र छाता ओढ्न नपाउने स्थिति त रहेन। कामदारले आफ्ना असन्तुष्टि पोख्न पनि पाउने भयो तर त्यसरी पोख्न सक्ने सीमित युनियनका सदस्यले मात्रै भित्रभित्रै लाभ लिने र आम श्रमिकको भौतिक अवस्था यथास्थितिमै राख्ने गरेको देखियो। समयक्रममा स्वाभाविक रूपमा बढ्नुपर्ने सुबिधा बढेन। कतिपय ठाउँमा त उल्टो घटेको पनि सुनियो। त्यतिमात्रै होइन शक्तिकै आडमा आदिवासी कामदारलाई कम्पनीले दसैँमा बाड्न ल्याएको बोनस लुट्न लिएर जाने, उसले त्यस्तो गलत काम गर्दिन भने उसलाई टन्न रक्सी खुवाएर त्यस्तो काम गराउनेसमेत भएको छ। लुटेराको नाइके बिसुनले त्यो काम गरेको छ। पछि अरू समातिएका छन् तर नाइके समातिएको छैन।

लोकतन्त्र आएपछि व्यवस्थाको रूपमा धेरै परिवर्तन आए पनि सारमा खासै परिवर्तन आएको देखिएको छैन। किनभने हिजो अङ्ग्रेजले छोकडी भनेर कमानका नानीहरू भोग गर्थे, आज बिरामी नारीहरूलाई दिन दहाडै पार्टीका क्याडरहरूको बलात्कार गरेर मारेको गाइगुइ सुनिन्छ (पृ.४३)। कतै तिनै नानीहरूलाई पैसाको लोभ देखाएर होटलमा लैजान थालिएको छ (पृ.१७२-१७३)। लाने दलाल हाक्काहाक्की गाउँमा डुल्छन्। हिजो ढिकुटीमा अङ्ग्रेजको मनपरी थियो, आज पार्टी र युनियनको छ। थापा सरले सरकारी विद्यालयमा पाउनुपर्ने नियुक्ति पार्टीकै क्याडरले पाएका छन्। आज पनि सरकारी कर्मचारीलाई सामान्य मानिसले कुखुरा, बाखा, दुध, धिउ बोकेर जानुपर्ने बाध्यता छँदै छ (पृ.२०६) भने सारमा के परिवर्तन भयो त भन्ने उपन्यासको प्रश्न छ। यस्तै थापा सरको भनाइ छ- "यो चिया रोप्नुअघि ब्रिटिसले नेपालीलाई सुन फल्छ भने। आदिवासीलाई पैसा फोरेल भने। तर ब्रिटिस फर्केको यत्रो वर्षपछि पनि चियाको बोटमा दुःखबाहेक अरू केही फलेन (पृ.१०१)।" यसले समयक्रममा व्यवस्था बदलिए पनि किनारीकृत श्रमिकहरूको अवस्था नबदलिएको नै बुझाउँछ।

यहाँको पुलिस र प्रशासन सबाल्टर्नमैत्री देखिन्न। बुधुवाको छोरालाई उसको आवास नजिकैबाट चितुलाले मारेको हुँदा वन विभागले क्षतिपूर्ति दिनुपर्ने हो तर धेरै समय बुधुवा कार्यालय धाउँदा पनि उनीहरूले वास्ता गर्दैनन् अनि घिमिरे बाडाले डिएफओलाई भेटेर राम्रोसँग कुरा गरेपछि दिने त भन्छ तर कार्यान्वय अझै गरेको देखिन्न। यस्तै विभिन्न आदिवासीसँग पनि वन विभागले बेलाबेलामा शत्रुतापूर्ण व्यवहार गरेका छन्।

शासनसत्तामा नाफामुखी पूँजीवाद हाबी भएको हुँदा कुनै पनि व्यवस्थाले उनीहरूको जीवनपद्धतिमा परिवर्तन ल्याउन सकेको छैन। चरम विपन्नताकै कारण स्कुलमा पढ्दै गरेकाले

पढाइ छाड्नुपरेको छ । रोगीले उपचार नपाएर मर्नुपरेको छ । सरकारी नीति र नियतमा खोट रहेकाले आदिवासीको नाममा एक टुक्रा जमिन छैन । साँझबिहान गास, बास र कपासकै चिन्तामा उनीहरू डुब्नुपरेको छ । मान्छे हुनुको अनुभूति उनीहरूले गर्नै पाएका छैनन् । एक्काइसौं शताब्दीको मानवसभ्यताका लागि यो स्थिति निकै लज्जाजनक देखिएको छ । यही सत्ता र शक्तिको लज्जाजनक स्थिति वा प्रभुत्वका कारण सबाल्टर्नको अवस्थामा अपेक्षित सुधार नभएको देखिन्छ ।

सीमान्तीकृत समुदायमा देखिएको विभाजन

उपन्यासमा पहिला मिलेर बसेका आदिवासी र नेपालीबिच देखिएको विभाजन नै यसको उदाहरण हो । यसका पछाडि प्रभुत्वशाली वर्गको प्रलोभनले पनि काम गरेको छ । उपन्यासमा बुधुवालाई हरकिसिमले सहयोग गर्ने दलबहादुरलाई पछि बुधुवाले धोका दिएको छ । त्यसको कारण यस्तो छ- दलबहादुर गोर्खा जनमुक्ति पार्टीमा लागेपछि डुबर्सबाट आदिवासीसमेतलाई लिई गोर्खाल्यान्ड आन्दोलन चर्काउन लागेको छ । त्यसैले सरकारकै प्रलोभनमा आदिवासीसँगको दलबहादुरहरूको एकता भाँड्न अनेक अफवाह फैलाइन्छ । दलबहादुरले “आदिवासीको कर्मपूजाको बिदासमेत कटौती गर्नुपर्छ भन्यो” भन्ने अफवाह फैलाएर उसलाई आदिवासी विरोधी सिद्ध गरिन्छ । त्यसको खण्डन गर्न दलबहादुरले आफूले पटकपटक आर्थिक, नैतिक र भौतिक सहयोग गर्दै आएको आदिवासी बुधुवालाई अगाडि सार्न खोजे पनि प्रभुत्वशाली वर्गको प्रलोभनमा परी बुधुवाले उसलाई साथ दिँदैन । त्यो देखेपछि दलबहादुर अचम्भित हुन्छ । एक्लै खण्डन गर्न खोज्छ तर आदिवासीका नामका एकै किसिमका युवाहरूको उत्तेजित भिडले उसलाई अनेक क्षति पुऱ्याउन थाल्छन् । टोलटोलका नेपालीहरूको घरमा आगो लगाउने, पिट्ने, धम्क्याउने गरिन्छ । त्यसमा बुधुवा पनि हुन्छ । डुबर्सलाई “गोर्खाल्यान्ड हुन दिइन्न”, “नेपालीहरू निस्की जा” जस्ता नारा लाग्छन् । गोजमुमोको जनसभाको मञ्च नै जलाइन्छ । ठाउँठाउँमा भानुभक्तका सालिक तोडिन्छन् । प्रतिबन्धात्मक १४४ धारा लागे पनि नेपाली विरोधी आदिवासीहरूलाई जम्मा हुन त्यसले रोक्दैन ।

त्यसपछि लालमान भुजेल र दलबहादुर त्यस क्षेत्रमा बस्न असुरक्षित भएको ठानी सुरक्षित ठाउँ खोज्दै भुटानको सीमा नजिक लालझमेलामा रहेका अशोक सरका आदिवासी आफन्तकहाँ पुग्छन् तर पुलिसले थाहा पाएर रातमै दलबहादुरलाई भुटानतिर भाग्दै गरेको अवस्थामा खोलाबाट समात्छन् । उसलाई राजमार्ग बन्द गरेको, आदिवासीको घर जलाएको जस्ता झुठा अभियोग पनि लगाई थुनिएको हुन्छ । यसरी प्रभुत्व वर्गको प्रलोभनमा परेर आदिवासीले नै उसलाई थुनाउनमा सहयोग गरेको बुझिन्छ । यसबाट आकस्मिक अभिघातहरू सिर्जना भएका छन् ।

प्रतिरोधको शिथिलता

जब प्रभुत्वशाली वर्गको प्रलोभनमा परेर सबाल्टर्नहरू नै विभाजित हुन थाल्छन् तब उनीहरूको प्रतिरोध स्वभावतः शिथिल भइ नै हाल्छ । यहाँ पनि त्यही भएको छ । उपन्यासमा डुबर्स र दार्जिलिङ क्षेत्र पश्चिम बंगालमा पर्ने भए पनि त्यस सरकारबाट सधैंजसो पूरै उपेक्षित रहनु परेकाले त्यो पूरै क्षेत्र अलग राज्यका रूपमा घोषणा गरिनुपर्ने माग राखी दलबहादुर आन्दोलनमा उत्रन चाहेको छ । उसले सन् १९८६ को गोर्खाल्यान्ड आन्दोलनमा दार्जिलिङले

डुबर्सलाई नसमेटेको हुँदा अब फेरि गरिने आन्दोलनमा डुबर्सलाई पनि समेटेर लैजानुपर्छ भनेको छ। नेताहरू पनि तयार भएका छन्। अबको आन्दोलनमा नेताहरू डुबर्समै आई भाषण गर्ने पनि भएका छन्। यही क्रममा दलबहादुरहरूले आन्दोलनकै क्रममा राजमार्ग बन्द गर्छन्। त्यसको असर धेरैतिर पर्छ अनि सरकारले त्यसलाई जसरी पनि असफल पार्ने रणनीति बनाई दलबहादुरका पछाडि नेपाली समुदायकै मान्छे (मोटे आइबी) गुप्तचर बनाएर छाड्छ। उसले दलबहादुरबाटै घुमाउरो ढङ्गमा सूचना लिएर डुबर्सका गोर्खा जनमुक्ति मोर्चाका सबैजसो सक्रिय सदस्यसमेतलाई सरकारले समात्छ। पार्टीका नेताहरूलाई राजमार्ग बन्द तत्काल फिर्ता नलिए बाँकी सबै नेतालाई पनि समात्ने धम्की आउँछ र सो बन्द कार्यक्रम स्थगित गरिन्छ। फेरि पनि दलबहादुर गोर्खाल्यान्ड आन्दोलनमा सक्रिय नहोस् भनी उसलाई सबाल्टर्नहरूकै भित्री सहयोगमा समातिन्छ। अनि आदिवासीहरूको घर जलाएको उल्टो अभियोग लगाई कारबाही चलाइएको छ।

वास्तवमा उपन्यासमा यस्ता कहाली लाग्दा दुख धेरै नै छन् र पनि "हिँडिरहने मान्छेलाई नै नयाँ बाटोले पर्खिरहेको हुन्छ। त्यसैले हिँड्न जरुरी छ" (पृ.१३४) भन्ने टोटो आदिवासी जेङनिमाकी आमाको भनाइ यहाँ धेरै प्रेरक बनेको छ। यस्तै सोमारी दुखले आत्तिएका बेला उसकी छोरी ऐतमारीले दुख कस्लाई पर्दैन र भनी सम्झाएको प्रसङ्ग (पृ.१७२) र नुरजङले अहिले परिस्थितिवश उरमाल बोकेर हिँड्न बाध्य भए पनि परिस्थितिले साथ दिए अर्को वर्ष परीक्षा लेख्ने छु, अझै साथ दिए उरमाल सदाका लागि त्याग्ने छु भन्ने उसको भनाइले आशाको दियो मधुरै भए पनि निभ्न नदिएको बुझिन्छ। उपन्यासको अन्तिम वाक्य "म फेरि एक दिन चियाकै मुना भएर पलाउने छु" (पृ.३७१) ले पनि त्यसैलाई पुष्टि गर्छ। यसबाट युवाहरूमा आशा मरिनसकेको देखिन आएको छ।

सीमान्तीयताको कलात्मक निरूपण

साहित्य भाषिक कला हो। उपन्यासमा आख्यानलाई भाषिक कलामार्फत प्रस्तुत गरिन्छ। आख्यानको आङ्गिक विन्यास लेखकले आआफ्नो रुचिअनुसार फरकफरक किसिमले गर्छन्। त्यसलाई सामान्यतः क्रमिक र व्यतिक्रमी शैलीमा छुट्याएर हेरिन्छ। यस दृष्टिले हेर्दा विवेच्य उपन्यासको कथानक क्रमिक वा रैखिक शैलीमा प्रस्तुत गरिएको छ तर यसको एक परिच्छेदभन्दा अगाडिको विषय अन्तिम ३२ परिच्छेदसँग जोडिने भएको हुँदा पूरै शास्त्रीय ढाँचाको कमिक पनि छैन। उपन्यासमा धेरै विषयसन्दर्भ र चरित्र रहेकाले तिनलाई ३२ वटा शीर्षकमा व्यवस्थित गरेर प्रस्तुत गरिएको छ। यसले कथानकीय विषय छ्यासमिस भएर पाठकलाई अन्योलमा पार्ने काम हुन दिएको छैन।

उपन्यासको कथानक क्रमशः आदि, मध्य र अन्त्यका क्रममा अगाडि बढेर टुङ्गिएको भए पनि परम्परित उपन्यासमा जस्तो दरा नायकनायिकाको केन्द्रीयतामा यो बढेको छैन किनभने यो सीमान्तीयतामा केन्द्रित उपन्यास हो। सीमान्तीकृतहरूको कथालाई यसले केन्द्र मानेको छ। त्यसैले हरेक शीर्षकका पात्र र प्रसङ्ग नै त्यसका केन्द्र बनिरहेका छन्। यस मानेमा यो बहुकेन्द्र बोकेर अगाडि बढिरहेको छ। दलबहादुर, घिमिरे बाडा, सकिला, सोमारी, नुरजङ, बुधुवा, विभिन्न आदिवासी समुदाय (टोटो, राभा, डुक्पा, करमपूजक, असुर) आदि यसका केन्द्र हुन्। यी सबै सीमान्तीयताको विस्तृत आयतनमा प्रवाहित हुँदै मान्छे भएर बाँच्न खोजेका छन् तर एक्काइसौं शताब्दीको सत्ता र शक्तिले त्यो पचाउन सकेको

छैन । फलतः उनीहरूको भविष्य गहन अँध्यारो गर्तमा भासिएको भासियै छ । यही अधीनस्थ डुबर्स, दार्जिलिङेहरूको त्रासदीय अभिघातलाई बुन्दै-बुन्दै लगेर यहाँ चौबाटा (खुलाबन्द) मा छाडिएको छ । त्यसपछिको बाटो पाठक स्वयंले अनुमान गरी चयन गर्नुपर्ने छ । यसलाई मानवीयता भएको सचेत पाठकले संवेदनशील ढङ्गमा जब पढ्दै-पढ्दै अन्त्यमा पुग्छ तब स्वचयनको दायित्वबाट गहिरो छटपटीमा पर्छ । अझ त्यसमा नेपाली जातीयताको आत्मीयता पनि गाँसिन थाल्दा त्यसले भित्रैसम्म सुस्केरा छुटाउँछ । ट्रेजेडीको त्रास र करुणाको तौल के हो भन्ने बोध गराउँछ ।

उपन्यासका पात्रहरूको चरित्र निर्माणमा उपन्यासकार धेरैजसो तटस्थ जस्तै देखिए पनि बेला बेलामा सबाल्टर्नप्रति सहानुभूतिशील देखिएका छन् । आफ्नो धरातलीय यथार्थले उनलाई तानेको छ । पाठकीय सहानुभूति पाएका पात्रमा लेखकीय सहानुभूति पनि थपिएको देख्दा त्यति असजिलो लाग्दैन तर गैर सबाल्टर्न पात्र सबै नै अनैतिक थिए भन्ने निष्कर्ष भने अलि नमिलेको जस्तो देखिएको छ । चरित्र निर्माणमा मूलतः प्रत्यक्ष विधि/वर्णनात्मक र अंशतः अप्रत्यक्ष विधि/नाटकीय छ जुन अधिकांश आख्यानमा यही नै देखिन्छ ।

उपन्यासका विभिन्न आदिवासीको विषय उपन्यासकारले स्थलगत अध्ययन गरी टिपेको जनाएका छन् (भिडियो वार्ता) । औपन्यासिक साक्षीले त्यसको पुष्टि पनि गर्दछन् । उपन्यासका ठाउँ ठाउँका लामा ऐतिहासिक सन्दर्भ (जस्तै डुबर्सको कोचेराजादेखिको इतिहास), ठाउँ ठाउँको आदिवासीहरूको समाजशास्त्रीय ढाँचाको विस्तृत चित्रण (जस्तै- बाटो, जात्रा शीर्षकमा), उनीहरूका दुरुस्तै बोली, गीत (पृ.१३) र कथनहरू सैद्धान्तिक दृष्टिले राम्रा नै मानिन्छन् तर व्यावहारिक दृष्टिले ती सहज बोध्य नभएकाले पाठक बिच्कने खतरा पनि रहिरहन्छ ।

उपन्यासको भाषा धेरै गढेर साहित्यिक तुल्याइएको छ । गढाइ सरल भएर रसिलो बनोस् भन्नेमा देखिन्छ तर दार्जिलिङे नेपाली भाषामा अभ्यस्त नभएकालाई यसको लबज नौलो छ । जस्तै-

- आइमाईहरू डल्लो परेर गफ गरिरहेका थिए । (पृ.३७)

- बडाबाउ अरकच्च परे । (पृ.७७)

- आँखा खोलेर घडी हेरिन् । बाहिर खसेको उज्यालो हेरिन् । (पृ.९७)

अनि आदिवासीहरूका आफ्नै भाषा, कथन शैली र शब्दहरू पनि छन् ।

रूपनारायण सिंह र लैनसिंह बाङ्देल पढेकालाई इन्द्रबहादुर नौलो र जटिल (पौडेल, २०६८, पृ.२४३-२४६) लागे जस्तो छुदेन पढ्दा पनि त्यस्तो केही लाग्न सक्छ । केही किन भनिएको भने इन्द्रबहादुरको जस्तो भाषा पनि पूरै नवीन बनाउने सैद्धान्तिक सोचले छुदेन लागेका छैनन् । विषयको प्रकृति र उनको निजी शैलीले यो नवीन बनेको छ । ज्यामितीय अभिव्यञ्जना उनको चाहना छ । त्यसैले घडी सोझै नहेरी आँखा खोलेर हेरिएको छ । उज्यालो नदेखिई बाहिर खसेको उज्यालो हेरिएको छ । प्रविधिले मुभीलगायत अनेक क्यामरा भित्र्याइसकेको हुँदा लेखकीय चुनौती बढेको बढ्यै छ । त्यो चुनौतीलाई पूरै आत्मसात् गरेर साहित्यिक कथनको निजत्व सुरक्षित गर्ने उनको ध्येय प्रशंसनीय छ । धेरैजसो शीर्षकको थालनी नै साहित्यिक चास्नीमा डुबेका लबजबाट गरिएको छ । जस्तै-

- बन्द कमानमा चियाको बुट्टालाई जसरी झारजङ्गलले घेरेको हुन्छ, उसरी नै सोमारीको जिन्दगीलाई समस्याले घेरेको थियो । (पृ.७)

- हाँगा काटिएपछि चियाको बोट जसरी मौलाएर आउँछ, ऐतमारी जन्मिएपछि सोमारीको सपना पनि उसरी नै मौलाएर आएको थियो । (पृ.१६)

- कमानेको त खुसी पनि बर्सातसँग झरेको असिना जस्तै हुने रहेछ । (पृ.४८)

- रुखले त नढलुन्जेल उसलाई पनि छहारी नै दिने हो, जसले ढाल्नलाई फेदैमा बन्चरो हानिरहेको हुन्छ । (पृ.५८)

- अरूको उज्यालोमा बाँच्नेहरूको दुख जूनकै जस्तो हुने रहेछ, जसको आधा उमेर त अँध्यारोमै बितेर जाने रहेछ । (पृ.१०४)

- सँगसँगै भएर पनि कहिल्यै नभेटिनुको पीडा खोलाको (का ?) दुई किनारलाई भन्दा धेर अरू कसलाई थाहा होला र ? (पृ.२७७)

- खुट्टा धेर हुँदैमा चाँडो दगुर्ने भए अरिमट्टेको रफ्तार संसारमा सबैभन्दा धेर तेज हुने थियो । (पृ.३०८)

- चियाका मुना र मेरी आमाका सपना एकै हुन् । यी दुवै चुँडिनकै निम्ति मात्रै पलाउँछन् । (पृ.३६१)

शीर्षकको थालनीमै आएका यस्ता साहित्यिक लबजले सबाल्टर्नकै सेरोफेरो सन्दर्भलाई कलात्मक बनाएर पस्केका छन् । पढ्दै जाँदा यिनले त्यस शीर्षकभित्रको विषयवस्तुको मूल प्रभावलाई पनि सङ्केत गरिसकेका हुन्छन् । यीबाहेक विषयवर्णनका क्रममा पनि ठाउँठाउँमा यस्ता ध्वनिमय सूक्ति भेटिन्छन् । जस्तै-

- जिन्दगी त खोलाको ढुङ्गा जस्तै बनिसक्यो, जो अरूको घर बनाउन मात्रै काम लाग्छ । (पृ.१३)

- सोमारीका आँखामा सपना होइन, दुःखका बादल मात्रै फाटिरहन्थे । ओठमा मुस्कान होइन, पीडाका सुस्केरा मात्रै सुसाइरहन्थे । (पृ.४८)

- सोमारीको सपनामा अचानक नयाँ प्वाँख पलाएका थिए । धमिरा झैँ भुइँमा घिस्रिरहने उनका सपना हठात् छिचिमिरा बनेर उज्यालो खोज्दै चारतिर उड्न थालेका थिए । (पृ.१३८)

- भत्किन लागेको झोलुङ्गे पुल जस्तो तुन्द्रुङ्ङ झुन्डिएको मेरी आमाको सपना एकातिर थियो, दसैंका बेला गाउँमा बनाइएको लिङ्गे पिङ जस्तो हुइँकिरहने मेरो सपना अर्कातिर थियो । यी सपनाबीच पेन्डुलम बनेर म हरेक दिन यताउता हल्लिरहन्थेँ । (पृ.३६१) आदि ।

माथिका अधिकांश कथनमा सबाल्टर्नका जीवनका अँध्यारा र अमिला पाटालाई कलात्मक भाषामा उजागर गरिएको छ । जीवनमा थोरै उज्यालाको सम्भावना देख्दा पनि आशावादी हुने त्यो समुदाय पटकपटक विपत्तिको पहिरामा परिरहेको छ । अनि उसको आशा त छिटै धेरै टाढाको जूनकिरी बनिदिन्छ । निराशाको खातमा आशाको एउटा झिल्कोको झिनो प्रभावले जीवन कति नै उज्यालो देखिन सक्छ र ? नयाँ पुस्ता पनि आफूले देखेको सुनौलो सपना र लथालिङ्ग बनेको वर्तमानको क्रूर यथार्थसँग पेन्डुलम बनेर हल्लिइरहनु परेको छ । पेन्डुलमको सक्रियताले अरूको गति बढ्ने हो । ऊ स्वयं त उही स्थिर आयाममा नै रहिरहने हो । त्यसैले जेजस्तो राम्रो भनिएको व्यवस्था आए पनि सबाल्टर्नको आधारभूत अवस्थामा खासै परिवर्तन आएको छैन भन्ने भावलाई माथिका कलात्मक कथनले पनि देखाएका छन् । उपन्यासका पछिल्ला (विशेषतः ३१ र ३२) शीर्षकहरूको कथन बढी सरल, स्वाभाविक भएर पनि रसिला बनेका छन् । विषय

चमत्कारपूर्ण नभए पनि कथन वैशिष्ट्यले निकै आकर्षक बनेको पाइन्छ ।

निष्कर्ष

समकालीन नेपाली आख्यान साहित्यका सशक्त हस्ताक्षर छुदेन काविमोको दोस्रो चर्चित उपन्यास *उरमाल* मुख्यतः डुबर्सको चिया कमान र अंशतः त्यस सेरोफेरो (दार्जिलिङ) को परिवेशमा फैलिएर त्यहाँका सीमान्तकृत समुदायको भित्री र बाहिरी मर्म कथाहरू अन्वेषणमा लागेको छ । मुख्यतः सत्ता र शक्तिको पहुँचबाट टाढा रहेका अधीनस्थहरूको वा सीमान्तीकृतहरूको समस्या निरूपणमा यो केन्द्रित छ । यस्तो सकसमा डुबर्सको दुम्सी कमानका र अन्य विभिन्न क्षेत्रका आदिवासी समुदाय अनि नेपालीहरू परेका छन् ।

यो डुबर्सका बहुसांस्कृतिक समाजका बहुपात्र र अनेक घटनासन्दर्भलाई लिएर अगाडि बढेको छ । चिया कमानबाहेक यहाँका आदिवासी टोटो, राभा, डुप्पा, असुर आदि समुदायहरूको निजत्व र उनीहरूले भोग्दै आएको सन्त्रासलाई पनि यसमा निकै महत्त्वका साथ प्रस्तुत गरिएको छ । उनीहरूको सन्त्रासको मुख्य कारण सत्ताको ज्यादती (र अंशतः वातावरण विनाश) रहेको छ ।

डुबर्सको दुम्सी कमानमा श्रमिकहरू आदिवासी (सोमारी, बुधुवा, ऐतमारी) र नेपाली (सकिला, नुरजङ) छन् । उनीहरू चिया कम्पनीको श्रमिकहरूप्रतिको चरम अमानवीयताका कारण धेरै नै सकसपूर्ण जीवन बाँच्न बाध्य छन् । कम्पनीहरूको यस किसिमको श्रमशोषणको परिपाटी अङ्ग्रेज कालबाटै सुरु भएर त्यसले निरन्तरता पाइरहको देखाइएको छ । देशमा अङ्ग्रेज लखेटेर नयाँ व्यवस्था ल्याए पनि सबाल्टर्न श्रमिकहरूको अवस्थामा कुनै तात्त्विक परिवर्तन नआएको विडम्बनापूर्ण धरातलीय यथार्थलाई यसले निकै मुखर ढङ्गमा उठाएको छ । यस्तो अवस्था डुबर्सको दुम्की कमानमा मात्रै नभई अरू चिया कमानमा पनि रहेको छ । उनीहरू पनि तेल सक्किएको बत्तीजस्तो भएर बाँच्नुपरेको गुनासो गरिरहेका छन् ।

अनेक अभावको पीडा व्यहोरे पनि कमानका आदिवासी र अल्पसङ्ख्यक नेपाली श्रमिकहरू दुःख पर्दा एकअर्कालाई सहयोग गरी आपसमा एकदमै मिलेर बसेका छन् । डुबर्सको सेरोफेरोमै पनि आदिवासी र नेपालीबिच सौहार्दता नै देखिएको छ । दलबहादुर, शिवराज, घिमिरे बडाहरूले बुधुवालाई गरेको सहयोगले पनि त्यो देखाएको छ । उनीहरू (बिस्ने सार्की र आदिवासी माई) का बिच बिहाबारी पनि चलेको छ । आदिवासी समाजले पूरै नसकारे पनि प्रतिरोध पनि गरेको छैन । तर सत्ता र शक्तिलाई उनीहरू मिलेर बसेको मन परेको छैन । किनभने दलबहादुरहरूले आफ्नो क्षेत्र हरेक दृष्टिले पछि पर्नुको मुख्य कारण अरू (पश्चिम बङ्गाल) को अधीनस्थ भएर बाँच्नुलाई ठानेका छन् । त्यसैले डुबर्ससमेतको गोर्खाल्यान्ड चाहेका छन् । छुट्टै राज्य प्राप्त भएपछि सबै सबाल्टर्नहरू (आदिवासी र नेपाली) को हितका लागि सक्रिय हुने आश्वासन नेताहरूले दिएका हुँदा बिस्तारै आन्दोलनको माहोल बन्दै गएर फेरि आन्दोलन चर्किएको छ । डुबर्समा राजमार्ग नै ठप्प पारेपछि त्यसको असर धेरैतिर परेको हुँदा राज्यसत्ता आन्दोलन नियन्त्रण गर्न धेरै क्रूर र कुटिल भएर प्रस्तुत भएको छ ।

आदिवासी समुदायमा नेपालीप्रति घृणा विकास गर्न अनेक अफवाह फैलाउने, नेपालीहरूको घरघरमा तोडफोड, आगजनी र कुटपिट गरेर उनीहरूलाई डुबर्स छाडेर जान दबाब दिने, भानुभक्तका सालिक तोडफोड गर्ने, दलबहादुरलगायत पार्टीका सबै

आन्दोलनकर्मीहरूलाई समात्ने र गम्भीर आरोप लगाई मुद्दा चलाउने जस्ता काम गरेर आन्दोलन पूरै निष्क्रिय पारिएको छ । जेल नपरेका सबाल्टर्न व्यक्ति (बुधुवा) र समुदायलाई फरेस्टर, पुलिस, डिएफओहरूले अनेक दुख दिएका छन् ।

यसरी सत्ता र शक्तिको चरम दुरूपयोग गरी मिलेर बसेका आदिवासी र नेपालीमा घृणा फैलाउने, सबाल्टर्न समुदायहरूको एकता हुन नदिने, फुटाएर शासन गरिरहने, सबाल्टर्नकै आदिवासी समुदायले त्यसलाई नबुझ्री मित्रशक्तिलाई घात गर्ने, कमानका सोमारी, सकिलाहरूको पनि अवस्था झन्झन् दयनीय बन्दै जाने, उनीहरूका सन्तानले पनि दुखको भारी उरमाल बोक्न बाध्य हुने, विभिन्न क्षेत्रका अन्य आदिवासीहरू पनि सत्ताको दमन र वातावरणीय विनाशको प्रकोपको चापमा परेर अनिश्चिततामा बाँच्नुपर्ने जस्ता घटना, परिस्थितिमार्फत यसले मुख्यतः सीमान्तीयताको सकसपूर्ण त्रासदीय यथार्थलाई प्रभावशाली ढङ्गमा प्रस्तुत गरेको छ । यस्तो विडम्बनापूर्ण अवस्थामा बाँचेका सबाल्टर्नहरूको सकसपूर्ण सन्त्रासलाई निजत्वसहितको आकर्षक औपन्यासिक कलामा उनेर कुशलतापूर्वक प्रस्तुत गर्न सक्नु नै यस उपन्यासको खास सफलता हो ।

यसरी पहिलो शोधसमस्याको समग्रतालाई आँकलन गर्दा सत्ता र शक्तिको पहुँच नभएका विभिन्न आदिवासी र डुबर्सका अल्पसङ्ख्यक नेपालीहरूका विविध समस्या प्रस्तुत गरिएको यस उपन्यासमा उनीहरूबिच लामो समयदेखि कायम हुँदै आएको एकताले नै उनीहरूलाई सत्ता र शक्तिको दमन-शोषणबाट बचाउँछ भन्ने सन्देश छ । तर सत्ता र शक्तिले उनीहरूबिच गहिरो विभाजनको खाडल खनेर धेरै टाढा पुऱ्याएको हुँदा एन्टोनियो गाम्चीले भने झैं सत्ताले आफ्नो स्वार्थका लागि सबाल्टर्नको दुरूपयोग गरेको छ । शासकको इसारामा आदिवासीहरू प्रयोग हुँदा सबाल्टर्न समुदाय (विशेषतः नेपाली) मा गम्भीर चिन्ता र त्रास छाएको छ । असङ्गठित बुधुवा आदिवासीहरूको सङ्गठनमा लागेर सुरक्षित हुन खोजे पनि त्यो सङ्गठन गोर्खाल्यान्ड आन्दोलन निस्क्रिय पार्न सरकारद्वारा नै परिचालित थियो भन्ने कुरा उसले र ऊजस्ता धेरैले नबुझीनबुझी लागेका छन् । यसले गर्दा अल्पसङ्ख्यक नेपाली समुदायले हिजोसम्म आफन्त ठानिएकाबाट एक्कासि घृणाको छुरी खानुपरेको विडम्वनात्मक स्थिति सिर्जना भएको छ । प्रतिरोधका रूपमा रहेको गोर्खाल्यान्ड आन्दोलनको असफलताले झन् उनीहरूको मनोविज्ञानमा गहिरो अभिघात परेको छ । यस्तो सीमान्तकृत समुदायको त्रासदी नै उपन्यासको केन्द्रीय विषय बनेको छ ।

यस्तै दोस्रो शोधसमस्यालाई हेर्दा स्थानीय विशेषतासमेत बोकेको छुदेनको आफ्नैपनले भरिएको, नवीन र कलात्मक कथन शैली देखिएको छ । यसले तद्देशीय सबाल्टर्नको सन्त्रस्त संवेदना/अभिघातलाई सशक्त रूपमा निरूपण गर्न सकेको छ । यसको कलात्मक सामर्थ्यका कारण नै सचेत र धैर्यशील पाठकका लागि यो उपन्यास सुरुचिपूर्ण र पठनीय बनेको छ ।

उपन्यास समाजशास्त्रीय र सौन्दर्य शास्त्रीय (विशेषतः कथन सौन्दर्यका) दृष्टिले पनि विश्लेषणीय छ । यति हुँदाहुँदै पनि पुनर्लेखन र पटक पटक परिमार्जन गरिएको यस उपन्यासमा कतिपय विषयको अनावश्यक विस्तार, कतिपय विषय (बिस्नु र माईको प्रेम) को हलुङ्गो प्रस्तुति, कतिपय आदिवासीका अनुवादरहित नबुझिने कथन, कतिपय ठाउँमा उस्तै उस्तै प्रसङ्गको

पुनरावृत्ति र कतिपय पात्रलाई समस्याग्रस्त क्षेत्रबाट समस्यारहित क्षेत्रमा पलायन हुन प्रेरित गर्ने काम जस्ता शैल्पिक र वैचारिक परिसीमा पनि देखिएका छन् ।

प्रमुख सन्दर्भ-कृति

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* अक्षर क्रियसन्स नेपाल ।

काविमो, छुदेन (२०८१), *उरमाल,* फाइनप्रिन्ट प्रा.लि. ।

किताबका कुरा (२०८१), “छुदेन काविमोसँग”, हिमाल खबर, https://www.youtube.com/watch?v=1CaxuoVEihw&t=1717s .

कुँवर, नवराज (२०८२), “५६ वर्षपछि मदन पुरस्कार भारत भित्र्याएको उपन्यासमा के छ ?” भदौ ६, https://shilapatra.com/detail/166452

कुँवर, नवराज (२०८१), “कालेबुङबाट चिया टिप्नेहरूको कारुणिक कथा लिएर आए छुदेन काविमो”, https://www.youtube.com/watch?v=1nqXP9keNQA

खनाल, सुलोचना (२०८०), नवराज लम्सालको अग्नि महाकाव्यमा सीमान्तीयता, त्रि.वि., पृथ्वीनारायण क्याम्पस, लघुअनुसन्धान परियोजनाका लागि प्रस्तुत शोधपत्र ।

देश सञ्चार चौतारी (२०८१), “चिया बगानमा सुन फल्दैन, दुख फल्छ”, https://www.youtube.com/watch?v=hgBbkG4nwQ&t=835s

पोखेल, सुभाषचन्द्र (२०८२), “रुमाल होइन, दुखको थैली हो उरमाल”, उकालो, जेठ २४, https://www.ukaalo.com/news/25924/

पौडेल, विष्णुप्रसाद (२०६८), उपन्यास समालोचना, भुँडी पुराण प्रकाशन ।

बराल, ऋषिराज (२०७७), मार्क्सवाद र सबाल्टर्न अध्ययन, दोस्रो सं., साझा प्रकाशन ।

वियोगी (सन् २०२५), “उरमाल खोली हेर्दा”, उकालो, सेप्टम्बर १, सोमबार, https://www.ukaalo.com/news/24612/

शर्मा, मोहनराज (२०७०), “अवरजन अध्ययन र साहित्य”, *भृकुटी,* १९ (२०७०), पृ.३१४-३३२

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* डिस्कोर्स पब्लिकेसन ।